स्थानीय राजपत्र

केरावारी गाउँपालिकाद्वारा प्रकाशित

खण्ड ५, संख्या ९, १० कार्तिक २०७८


## भाग-२

# केरावारी गाउँपालिकाको पशु विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०७८

**स्वीकृत मिति** :- २०७८।०७।१०

**पृष्ठभुमि** :-केरावारी गाँउपालीका क्षेत्र भित्र पशु विकास कार्यक्रमलाई व्यावस्थित गर्दै व्यावसायिकरण गर्न साथै केरावारी गाँउपालिकामा पशुपालन व्यावसाय प्रती किसानहरुको बढ्दो आकर्षण तथा पशुजन्य बस्तुको मागलाई मध्यनजर गर्दै केरावारी गाँउपालिकाले चालु आ.व. २०७८।२०७९ को नीति तथा कार्यक्रममा उल्लेख गरेका कार्यक्रमहरुको व्यवस्थित तथा पारदर्शी रुपमा कार्यान्वयन गर्न

केरावारी गाँउकार्यपालिकाले यो कार्यविधि स्वीकृत गरि लागु गरेको छ ।

## परिच्छेद—१
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः-**

(क) यो कार्यबिधिको नाम "**केरावारी गाउँपालिकाको पशु विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०७८**" रहेको छ ।

(ख) यो कार्यबिधि केरावारी गाँउपालीका, गाँउकार्यपालिकाको कार्यालयबाट स्वीकृत भए पछि प्रारम्भ हुनेछ ।

**२. परिभाषाः-** बिषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यबिधिमा;-

(क) "कार्यक्रम" भन्नाले यस कार्यविधि बमोजिम संचालन हुने पशु विकास कार्यक्रम सम्झनुपर्छ ।

(ख) "कार्यालय" भन्नाले केरावारी गाँउपालीका, गाँउकार्यपालिकाको कार्यालय सम्झनु पर्दछ ।

(ग) "कृषक" भन्नाले कृषि उत्पादनमा प्रत्यक्ष संलग्न भएको व्यक्तिलाई तथा केरावारी गाँउपालिकाको कृषि ऐन, २०७७ अनुसार परिभाषित ब्यक्ति सम्झनु पर्दछ ।

(घ) “पशु सेवा शाखा” भन्नाले केरावारी गाँउपालिका अन्तर्गत रहेको पशु सेवा शाखा सम्झनु पर्दछ ।

(ङ) “कृषि समिति” भन्नाले केरावारी गाँउपालिकाको कृषि ऐन, २०७७ बमोजिम कार्यपालिकाबाट गठित गाँउपालीका स्तरीय कृषि समिति सम्झनु पर्दछ ।

(च) “ऐन” भन्नाले केरावारी गाँउपालिकाको कृषि ऐन, २०७७ लाई सम्झनु पर्दछ ।

(छ) “फर्म” भन्नाले प्रचलित कानून बमोजिम दर्ता भएको निजी क्षेत्रका व्यवसायी/उद्धमीको पशु सम्बन्धि व्यवसाय गर्ने संस्थालाई सम्झनु पर्दछ ।

(ज) “कम्पनी” भन्नाले व्यवसाय गर्न चाहने व्यक्ति वा समूहले प्रचलित कम्पनी कानून अनुरुप दर्ता भएका पशु व्यवसाय सम्बन्धि कार्य गर्ने संस्थालाई सम्झनु पर्दछ ।

(झ) “कृषक समूह” भन्नाले कृषि पेशामा संलग्न भई मिल्दाजुल्दा समस्या, आवश्यकता र चाहनाहरु भएका न्यूनतम् १५ वा सो भन्दा बढी व्यक्तिहरु मिलि सामूहिक प्रयत्नद्धारा कृषि क्षेत्रमा साझा उद्देश्यहरु प्राप्त गर्न साविकको जिल्ला पशु सेवा कार्यालय तथा यस गाँउपालिकामा दर्ता भएका केरावारी गाँउपालिका भित्रका कृषक समूह सम्झनु पर्दछ ।

(ञ) “कृषि सहकारी” भन्नाले विगत सहकारी डिभिजन कार्यालय तथा जिल्ला कृषि विकास कार्यालय अन्तर्गत दर्ता भएका वा केरावारी गाँउपालिका भित्र रहेका सहकारी ऐन, २०७५ अनुरुप दर्ता भएका संस्था सम्झनु पर्दछ ।

(ट) “अनुदान” भन्नाले यस कार्यविधि अनुरुप संचालन गरिने कार्यक्रमको लागि कार्यालयबाट उपलब्ध गराइने र कम वा जिन्सी सामग्रीलाई सम्झनु पर्दछ ।

(ठ) “अनुदानग्राही” भन्नाले यस कार्यविधि अनुसार अनुदान प्राप्त गर्ने कृषक/फर्म/कृषकसमूह/कृषि तथा बहुउदेश्यिय सहकारी संस्था आदीलाई सम्झनु पर्दछ ।

(ड) “स्वीकृत बार्षिक वजेट” भन्नाले केरावारी गाँउपालिकाको चालु आ.व. बाट पशु विकास कार्यक्रम संचालनको लागि तोकिएको बजेट रकम भन्ने सम्झनु पर्दछ ।

ज) “बिपन्न सदस्य” भन्नाले सम्बन्धित समुहको माग बमोजिम सम्बन्धित स्थाननिय तहले बिपन्न हो भनि सिफारिस गरेको सदस्य सम्झनु पर्दछ ।

## परिच्छेद —२

## पशु विकास कार्यक्रम संचालनका क्षेत्र

**३. कार्यक्रमका क्षेत्र :-**

(क) पशु स्वास्थ प्रवर्दन कार्यक्रम,

(ख) एकीकृत पशु स्वास्थ शिविर,

(ग) रागा पालन व्यवस्थापन ।

## परिच्छेद —३

## पशु विकास कार्यक्रम संचालनका उदेश्यहरु

**४. पशु विकास कार्यक्रमका उदेश्य :-** पशु विकास कार्यक्रम सञ्चालनका उदेश्यहरु देहाय बमोजिम रहेका छन:-

१. गाउँपालिकाको नीति र वार्षिक बजेट तथा कार्यक्रम प्रभावकारी रुपमा कार्यान्वयन गर्ने ।

२. केरावारी गाउँपालिकामा दर्ता भएका वा व्यवसायिक पशुपालक कृषकहरुलाई आवश्यक पर्ने पशुजन्य सेवाहरु उपलब्ध गराउने ।

३. पशुपन्क्षिहरुको रोग निदान, उपचार र नियन्त्रणमा सहयोग गर्ने ।

४. पशु स्वास्थ्य सम्बन्धि जनचेतना अभिबृद्धि गर्ने ।

५. पशु उपजहरुको उत्पादनमा वृद्धि गरि आयात कम गर्ने ।

६. युवा जनशक्तिलाई पशुपालन ब्यबसायमा आकर्षित गराई रोजगारी सिर्जनाको माध्यमबाट युवाहरुको आन्तरिक तथा वाह्य पलायनलाई कम गर्ने ।

## परिच्छेद — ४

## पशु स्वास्थ्य प्रवर्द्धन कार्यक्रम

**५. पशु स्वास्थ्य प्रवर्द्धन कार्यक्रम :-** पशु स्वास्थ्य सेवा सार्वजनिक सम्पतिको रुपमा विश्वमा हेरिदै आएको वर्तमान परिप्रेक्ष्यमा नेपालमा हाल ७५३ वटा स्थानीय तहमा पशु सेवा प्रदान गर्दै आईरहेको छ। केराबारी गाउपालिकाको भौगोलिक अवस्था अनुसार पशु स्वास्थ्य सेवा समान रुपमा प्रदान गर्न नसकिएको र व्यवसायिक पशुपालन बृद्धि सगै पशु स्वास्थ्य सेवाको माग बददै गएकोले केराबारी गाउँपलिकामा दर्ता भएका पशु फर्महरुलाई मध्यनजर गर्दै त्यँहा आवश्यक परजीवी नियन्त्रण, भिटामिन, मिनरल तथा पशु स्वस्थ्य सम्बन्धि परामर्श दिन यो कार्यक्रम अगाडी सारिएको छ ।

**६. पशु स्वास्थ्य प्रवर्द्धन कार्यक्रम संचालन प्रकिया :-** पशु स्वास्थ्य प्रवर्द्धन कार्यक्रमका सञ्चालन प्रक्रिया देहाय बमोजिम रहेका छन:-

१) केराबारी गाउँपालिकामा दर्ता भएका व्यवसायिक पशुपालान फर्महरुलाई यस कार्यक्रममा सहभागी गराईनेछ ।

२) केराबारी गाउँपालिकामा दर्ता भएका तपशिल बमोजिमका पशु बस्तु संख्या रहेका फर्महरुलाई यस कार्यक्रममा सहभागी गराईनेछ ।

१. गाई भैसीपालनको हकमा कम्तिमा ५ माउ हुनुपर्ने,
२. पाडापाडीपालनको हकमा कम्तिमा १० वटा पाडापाडी हुनुपर्ने,
३. बाख्रापालानको हकमा कम्तिमा २० माउ हुनुपर्ने,
४. बंगुर/सुगुरको हकमा कम्तिमा पाठापाठी उत्पादनका लागि ५ माउ र मासु उत्पादनका लागि १० माउ हुनुपर्ने,
५. मत्स्यपालनको हकमा कम्तिमा ५ रोपनी क्षेत्रमा हुनुपर्ने ।

३) गाउँपालिकाले कानूनी रुपमा यस गाउँपलिकामा दर्ता भएका पशु फर्मकालागि आवश्यक पर्ने औषधि, भ्याक्सिन तथा अन्य सामग्रीको व्यवस्थापन गर्ने ।

**७. पशु स्वास्थ्य प्रवर्द्धन कार्यक्रमको लागत विवरण :-** १) कार्यक्रम सञ्चालनको लागि आवश्यक सम्पुर्ण क्रियाकलापहरुको सञ्चालन गर्न

३ लाख रुपैया बिनियोजन भएको छ । जसको वितरण देहाय बमोजिम हुनेछ ।

| क्र.स. | क्रियाकलाप | लागत (रु) |
|---|---|---|
| १. | कम्तिमा ६० वटा व्यवसायिक पशुपालन फर्महरुलाई रु ५०००।- बराबरको परजीवी नियन्त्रण, भिटामिन र मिनरलका औषधिहरु तथा अन्य सामग्री उपलब्ध गरिनेछ । | ३०००००।- |

## परिच्छेद —५
## रागा पालन कार्यक्रम

**८. रागा पालन कार्यक्रम :-** केरावारी गाँउपालिकामा रागापालन व्यावसाय प्रती किसानहरुको बढ्दो आकर्षण साथै स्थानीय स्तरमा रागाको मासु बढी माग तथा खपत हुने हुँदा स्तरीय मासुको सहज आपूर्ति गर्न तथा रागा पालन व्यवसायलाई सुदृढिकरण गर्न केरावारी गाँउपालिकामा यो कार्यक्रम अगाडी सारिएको छ ।

**९. रागा पालन कार्यक्रम संचालान विधी :** १) गाउँपलिकाको क्षेत्र भित्र रहेका कृषक तथा गाउँपालिकामा दर्ता भएका कृषि

फर्म/समिति/सहकारी/समुह सँगको लागत साझेदारीमा कार्यक्रम संचालन गरिने छ ।

२) केरावारी गाउँपालिकामा कानुनी रुपमा दर्ता भई हालसम्म पशु व्यवसाय गरिरहेका देहाय बमोजिमका फर्महरुलाई यस कार्यक्रममा सहभागी गराईनेछ ।

क) साझेदार संस्थाका सदस्यले कम्तिमा पाँच वटा पाडापालन गर्नु पर्नेछ ।

ख) साझेदार संस्था सम्बन्धित निकायमा दर्ता भएको हुनु पर्नेछ ।

ग) सहकारीले पाडापालन गर्न छुटै उप-समिति गठन गरेको हुनुपर्नेछ ।

घ) आफुसंग भएको पाडा बिक्रि भएमा पुन अर्को पाडा थपी व्यवसाय नियमित गर्नु पर्नेछ ।

ङ) बिपन्न सदस्य, पिछडिएको क्षेत्र तथा समुदायलाई बिशेष प्राथमिकता दिई कार्यक्रम संचालन गरिने छ । साथै, भैतिक पुर्वाधार र बजारको ब्यबस्था भएको स्थानलाई प्राथमिकता दिइनेछ ।

३) कार्यक्रममा सहभागी हुन ईच्छुक साझेदार सस्थाहरुलाई प्रस्ताब पेश गर्न पन्ध्र दिनको समयावधि दिई अनुसूची १ बमोजिम गाँउपालिकाले सूचना प्रकाशन गर्नुपर्नेछ ।

४) साझेदारी गर्न ईच्छुक सस्थाले उपदफा (३) बमोजिमको समयावधि भित्र अनुसूची २ बमोजिमको आवेदन साथ अनुसूची ३ बमोजिम कार्ययोजना तयार गरि कार्यालयमा प्रस्ताब दर्ता गराउनु पर्नेछ ।

५) दफा १० बोमोजिम गठित मुल्यांकन समितले अनुसूची ४ बमोजिम प्रस्तावको मुल्यांकन गरि प्राप्तांक स्वीकृतिको लागि कार्यालयमा पेश गर्नेछ । प्रस्ताबकले प्राप्त गरेको प्राप्तांक र पेश गरेको कार्ययोजना कार्यालयले स्वीकृत गरि साझेदार सस्था छनौट गर्नेछ ।

६) साझेदार सस्था छनौटको निर्णय भए लगतै साझेदार सस्थालाई जानकारी दिनु पर्नेछ ।

७) छनौटको भएको साझेदार सस्थाले सम्झौताको लागि देहाय बमोजिमका कार्य गर्नु पर्नेछ ।

क) जानकारी दिएको मितिले पन्ध्र दिन भित्र सम्बन्धित साझेदार सस्थाले कार्यालयसँग अनुसूची ५ बमोजिम सम्झौता गर्नु पर्नेछ ।

ख) उपदफा १ बमोजिमको समय अवधि भित्र सम्झौता गर्न नआएमा क्रमशः दोश्रो र तेस्रो प्राथमिकतामा रहेका साझेदार सस्थासँग सम्झौता गर्न सकिने छ ।

ग) रित पुर्बकको एक मात्र प्रस्ताब दर्ता हुन आएमा छनौट गरि सम्झौता गर्न बाधा पर्ने छैन ।

घ) उपदफा (३) बमोजिम प्रस्ताब आह्वान गर्दा प्रस्ताब नपरेमा वा एक मात्र प्रस्ताब परि सम्झौता गर्न नआएमा गाउपालिकाले पुन प्रस्ताब आव्हान गर्नेछ ।

८) रागा पालन कार्यक्रममा साझेदार सस्थाले प्राप्त गर्ने अनुदान र स्व-लगानीको बिबरण देहाय बमोजिम हुनेछ :-

क) न्युनतम मापदण्ड पुरा हुनुपर्ने :- रागा पालन कार्यक्रम अन्तर्गत अनुदान दिदा भौतिक निर्माण तथा जिन्सी सामाग्री वा उपकरण खरिदमा अनुदान दिईनेछ । यो कार्यक्रममा अनुदान लिए पस्चात कम्तिमा १० वटा पाडा पालन गर्न सक्ने गोठ निर्माण गर्नुपर्ने छ । यसका अतिरिक्त गोठ निर्माण गर्दा भुईबाट

गँहुत नचुहिने गरी पक्कि गरिनु पर्ने, गँहुत संकलन ट्याङ्कीको व्यवस्थापन हुनु पर्ने र भकारो अर्थात मलखाद फ्याँक्ने खाडललाई घाम पानीबाट जोगाउनका लागि छानाको व्यवस्था गरिनुपर्ने कुराहरुलाई आधार मानिनेछ ।

ख) अनुदान दिईने रकम व्यवस्था :- कृषक छनौट गर्न केरावारी गाँउपालिका स्तरिय/कृषि विकास समितिको सिफारिसमा छनौट भएका घरधुरीलाई खण्ड (क) बमोजिम कार्य गर्न बढीमा असी हजार अनुदान स्वरुप रकम उपलब्ध गराउनेछ । यो अनुदान रकम कुल लागतको बढीमा पचहत्तर प्रतिशत मात्र हुनेछ । अन्य पच्चिस प्रतिशत रकम साझेदारी कार्यक्रम अन्तर्गत किसानले व्यहोर्नु पर्नेछ । अनुदान रकम प्राप्त गर्ने साझेदार सस्थाले गोठ निर्माण/सुधार तथा सामग्री खरिद आदिको बिल/भरपाई कार्यालयमा पेश गर्नु पर्नेछ । कार्यालयमा बिल भरपाई पेश गरेपश्चात

कार्यालयले नियमानुसार अनुगमन गरी प्राबिधिक मुल्याङ्न बमोजिमको रकम साझेदार ब्यक्ति/समुह/समिति/सस्थाको बैक खातामा उपलब्ध गराउने छ ।

९) सम्झौता अनुरुप काम नगर्ने साझेदार संस्थालाई कार्यलयले अनुदान रोक्का गर्नेसक्ने छ ।

१०) साझेदार संस्थाले सम्झौता बमोजिम अनुदान रकम लिई दुरुपयोग गरेमा वा कार्यक्रमलाई निरन्तरता नदिएमा त्यस्तो संस्थाबाट अनुदान रकमको पन्ध्र प्रतिशत जरिबाना थप सहित अनुदान रकम असुल उपर गरिने छ ।

**१०. रागा पालन कार्यक्रमको मुल्यांकन समिति :** १) प्रस्ताब मुल्यांकन गरि स्वीकृतिका लागी सिफारिस गर्ने काम केरावारी गाँउपालिकाको कृषि ऐन, २०७७ बमोजिम गठन भएको कृषि समितिले गर्नेछ ।

२) प्रचलित कानुनमा व्यवस्था भए बमोजिम अत्तिरिक्त मुल्यांकन समितिको काम, कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) मुल्यांकन समितिले आवस्यकता अनुसार मुल्यांकन तथा अन्य मापदण्ड तयार गरि स्वीकृतिका लागि कृषि समितिको बैठकमा पेश गर्ने,

(ख) मुल्यांकन समितिले प्राप्त प्रस्ताबहरु तोकिएको मापदण्ड बमोजिम मुल्यांकन गरि कृषि समितिबाट पारित गरी स्वीकृतिका लागि कार्यपालिकामा पेश गर्ने ।

## परिच्छेद —४
## एकीकृत पशु स्वास्थ्य शिविर संचालन

**११. एकीकृत पशु स्वास्थ्य शिविर संचालन :-** पशु स्वास्थ्य सेवा सार्वजनिक सम्पतिको रुपमा विश्वमा हेरिदै आएको वर्तमान परिप्रेक्ष्यमा नेपालमा हाल ७५३ वटा स्थानीय तहमा पशु सेवा प्रदान गर्दै आईरहेको छ । केराबारी गाउँपालिकाको भौगोलिक अवस्था अनुसार पशु स्वास्थ्य सेवा समान रुपमा प्रदान गर्न नसकिएको र व्यवसायकि पशुपालन बृद्धिसगै पशु स्वास्थ्य सेवाको माग बढ्दै गएको र गाँउपालिकाको सबै वडामा पशु सेवा उपलब्धता नभएको यथार्थतालाई दृष्टिगत गरि यस कार्यक्रम मार्फत शाखाको पहुँच नपुगेको वडा तथा क्षेत्रमा एकीकृत पशु स्वास्थ्य शिविर सञ्चालन गर्ने अभिप्रायले गाँउपालिकाको नीति तथा कार्यक्रम मार्फत पँहुच

नपुगेको वडा तथा क्षेत्रमा एकीकृत पशु स्वास्थ्य शिविर सञ्चालन गर्ने अभिप्रायले यो कार्यक्रम ल्याईएको हो ।

**१२. एकीकृत पशु स्वास्थ्य शिविर कार्यक्रम संचालन प्रकिया :** १) यस कार्यक्रमको सञ्चालन देहाय बमोजिम हुनेछ ।

क) गाउँपालिकाको कृषि समिति र वडासँग समन्वय गरि आवश्यकता अनुसार कृषि समितिले शिविर सञ्चालनको स्थान छनौट गर्नेछ ।

ख) शिविर सञ्चालनको स्थान छनौट पश्चात शिविर सञ्चालनको मिति र स्थान सम्बन्धि विषयको जानकारी वडा कार्यालय मार्फत गाउँपालिकाले सरोकारवालालाई गराउनेछ ।

ग) गाउँपालिकाले शिविर टोलि सहित शिविरका लागि आवश्यक पर्ने औषधि, भ्याक्सिन तथा अन्य सामाग्रीहरुको व्यवस्थापन गर्नेछ ।

घ) गाउँपालिकाले एउटा शिविरमा साना र ठुला गरि कम्तिमा २५० पशुपन्छीलाई आवश्यक पशु स्वास्थ्य सेवा उपलब्ध गराउनेछ ।

**१३. एकीकृत पशु स्वास्थ्य शिविर संचालन खर्च :-** १) एक स्थानमा शिविर संचालनको लागि आवस्यक सम्पूर्ण क्रियाकलापहरु देहाय बमोजिम अधिकतम एक लाख रुपैया लागत सम्ममा सम्पन्न गर्नु पर्नेछ ।

| **क्रस** | **क्रियाकलाप** | **लागत (रु)** |
|---|---|---|
| १ | औषधि, खोप तथा अन्य सामग्री | ९६०००।- |
| २ | चियापान औपचारिक कार्यक्रम) ( समेत | ४०००।- |

## परिच्छेद —५

## विविध

**१४. आर्थिक प्रशासन सम्बन्धि व्यवस्था :-** १) दफा ३ बमोजिमका क्षेत्रहरुमा सञ्चालन भएका कार्यक्रमहरुको लेखांकन तथा लेखा परिक्षण सम्बन्धी व्यवस्था प्रचलित कानून बमोजिम हुनेछ ।

२) उल्लिखित कार्यक्रमहरुको संचालनका लागि आवश्यक कर्मचारी तथा विज्ञहरुको व्यवस्थापन गाँउपालिकाले गर्नेछ ।

३) उपदफा (२) बमोजिमका कर्मचारी तथा आवश्यकता अनुसारका विज्ञहरुको दैनिक भ्रमण भत्ताको व्यवस्थापन प्रचलित आर्थिक नियमानुसार गाँउपालिकाले गर्नेछ ।

**१५. अनुगमन, मुल्यांकन तथा प्रतिबेदन सम्बन्धि व्यवस्था :-** यस कार्यक्रमको अनुगमन गाउँपालिकाबाट गठित अनुगमन समितिले गर्न सक्नेछ। सो कार्यक्रमको प्रगति प्रतिबेदन गाउपलिकामा पेश गर्नुपर्नेछ ।

**१६. कन्टिजेन्सी :-** उपदफा ३ को (ख) बमोजिमको रागा पालन कार्यक्रममा वितरण गरिने अनुदान रकमको ३ % कन्टिजेन्सी स्वरूप कट्टा गरिनेछ। कार्यालयले उक्त रकम भ्रमण खर्च, बैठक भत्ता तथा अन्य प्रशासनिक कार्यको लागि खर्च गर्नेछ।

**१७. थपघट वा हेरफेर गर्न सक्ने :-** यस कार्यविधिको कार्यान्वयनलाई थप व्यवस्थित र प्रभावकारी बनाउन कार्यपालिकाले आवश्यकता अनुसार यस कार्यविधिमा थपघट, हेरफेर तथा खारेज गर्न सक्नेछ।

**१८. प्रचलित कानुन बमोजिम हुने :-** यस कार्यविधिमा उल्लेख भएका विषय यसै कार्यविधि बमोजिम र अन्य विषयहरुको हकमा प्रचलित कानून बमोजिम हुनेछ।

# अनुसूची १

## (दफा ९ को उपदफा ३ सँग सम्बन्धित)

## रागा पालन कार्यक्रम सम्बन्धि प्रस्ताब आव्हानको सूचना

## प्रथम पटक प्रकाशित मिति -

आर्थिक बर्ष ................ को स्वीकृत बार्षिक बजेट तथा कार्यक्रममा रहेको रागा पालन कार्यक्रममा सहभागी हुन् इच्छुक कृषक समुह/समिति/सहकारी संस्थालाई यस गाउँपालिकासँग लागत साझेदारी गर्न दरखास्त दिन आह्वानको लागि यो सुचना प्रकाशित गरिएको छ । यो सुचना प्रथम पटक प्रकाशित मितिले पन्ध्र दिन भित्र तोकिएको आबेदन अनुसार प्रस्तावित कार्ययोजना सहित यस कार्यलयमा निबेदन दिनुहुन् सुचित गरिन्छ । आबेदन साथ तपसिलको कागजातहरु सहितका विवरणहरु खुल्ने कागजात पेश गर्नुपर्ने छ। साथै, थप जानकरीको लागि यस गाँउपालिकाको पशु सेवा शाखामा सम्पर्क गर्नुहुन यसै सूचनाबाट जानकारी गरिन्छ ।

तपसिल :

१. अनुसूची २ अनुसारको आबेदन फारम,
२. अनुसुची ३ अनुसारको कृषक समुह समितिको कार्ययोजना,
३. कृषक फर्म/समुह/समिति दर्ता प्रमाणपत्र,
४. शैक्षिक योग्यताको प्रमाणित प्रतिलिपि,

५. व्यवसाय भाडामा चलेको भए जग्गा भाडा लिएको पत्र आदि,

६. फर्म समुह समितिसँग रहेको पशुपन्छी सङ्ख्या,

७. रागा पालन गर्ने क्षमता, जग्गा, घाँस रोपनको छेत्रफल आदि ।

## अनुसूची -२
## (दफा ९ को उपदफा ४ सँग सम्बन्धित)
## आबेदन पत्र

श्रीमान प्रमुख प्रशासकीय अधिकृत ज्यू
गाउँ कार्यपालिकाको कार्यालय ......... ।

बिषय :- **अनुदान रकम उपलब्ध गरिदिने बारे** ।

महोदय,

केरावारी गाउँपालिकाबाट मिति ........................ मा प्रकाशित सुचना अनुसार दरखास्त माग भए बमोजिम पाडा पालन कार्यक्रममा सहभागी हुने चाहना भएकोले तपशिल बमोजिमका कागजातहरु संलग्न राखि नियमानुसार यो निबेदन पेश गरेको छु । गाउँपालिकाबाट अनुदान रकम प्राप्त भएमा यस कार्यविधि र प्रचलित कानून बमोजिमका शर्त अनुसार कार्य सम्पन्न गर्ने प्रतिवद्धता सहित समेत व्यक्त गर्दछु ।

तपसिल :

१. अनुसूची ३ अनुसारको कार्ययोजना
२. कृषक फर्म/समुह/समिति दर्ता प्रमाणपत्र,

३. व्यवसाय भाडामा चलेको भए जग्गा भाडा लिएको पत्र,
४. फर्म/समुह/समितिसँग रहेको पशुपन्छी सङ्ख्या खुल्ने कागजात,
५. रागा पालन गर्ने क्षमता, जग्गा, घाँस रोपनको छेत्रफल खुल्ने कागजात आदि ।

<u>निवेदक</u>

नाम :

पद :

दस्तखत

:संस्था/फर्म/समुह/समितिको छाप :

मिति :

## अनुसूची -३

## (दफा ९ को उपदफा ४ सँग सम्बन्धित)

## साझेदार फर्म/समुह/समितिले पेश गर्नुपर्ने कार्य योजना बिबरण

कार्यक्रमको नाम :

संस्थाको नाम :

ठेगाना :

मिति

रकम रु हजारमा

| क्रम संख्या | क्रियाकलापहरु | स्थानीय सरकारको अनुदान | साझेदारको स्वलगानी | जम्मा लगानी | कै |
|---|---|---|---|---|---|
| १ | रागा खरिद ५ वटा को लागि | | | | |
| २ | गोठ निर्माण/सुधार १० वटा रागाको लागि | | | | |
| ३ | घास खेति को लागि | | | | |
| ४ | जम्मा | | | | |

<u>निवेदक</u>

नाम :

पद :

दस्तखत :

मिति :

संस्था/फर्म/समुह/समितिको छाप :

आज्ञाले,

होम प्रसाद पौडेल

प्रमुख प्रशासकीय अधिकृत

## अनुसूची ४

### (दफा ९ को उपदफा ५ सँग सम्बन्धित)

### संस्था/फर्म/समुह/समिति छनोट गर्दा अपनईने मूल्यांकनको ढाँचा

पाडा पालन कार्यक्रम संचालनको लागि संस्था/फर्म/समुह/समिति छनोट गर्दा अपनईने मूल्यांकनको ढाँचा यस प्रकार रहेको छ ।

| क्र.श. | दर्ता नं. | निवेदक फर्म संस्थाको नाम | ठेगाना | कार्य योजना (२५) | ब्यबसायको सम्भाव्यता (२५) | अनुभब तालिम (१०) | विपन्न सदस्य भएको फर्म संस्था (५) | घास विकास वा घास लगाएको क्षेत्रफल (२५) | आफैले पाडाहरु खरिद गरी पालिरहेको संख्या (१०) | कुल प्रासाङ्क (१००) |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |

## अनुसूची ५
## (दफा ९ को उपदफा ७ को खण्ड (क) सँग सम्बन्धित)
## सम्झौता पत्र

यस गाउँपालिकाको चालु आर्थिक बर्ष .......... मा पशु सेवा शाखा तर्फबाट संचालन हुने रागा पालन कार्यक्रमको लागि केराबारी गाउँपलिकाको कार्यालय (यस भन्दा पछाडी प्रथम पक्ष भनिने) र छनौट भएका कृषक/समुह/समिति/सहकारी सस्था ................... (यसभन्दा पछाडी दोस्रो पक्ष भनिने) बीच तपशिलका शर्तनामाको अधिनमा रही कार्यक्रम संचालन गर्न सम्झौता भएको छ ।

शर्तनामाहरु :

१. प्रथम पक्षले दोस्रो पक्षलाई रागा पालन कार्यक्रम संचालनका लागि बढीमा २ किस्तामा अनुदान रकम बैक खातामा जम्मा गरि उपलब्ध गराउने छ । अनुदान रकम प्राप्त गर्न दोस्रो पक्षले अनिबार्य रुपमा बिल/भएपई पेश गर्नुपर्नेछ ।
२. प्रथम किस्ता बापतको अनुदान रकम प्रथम पक्षले गोठ सुधार/निर्मण कार्य लगायत सम्पूर्ण कार्यको ५०% कार्य सम्पन्न गरे पश्चात बैक खातामा जम्मा गरि दिनुपर्नेछ ।
३. दोस्रो पक्षबाट अनुदान रकमको दुरुपयोग भएको पाईएमा प्रथम पक्षले सावा र सोको १०% रकम हर्जाना सहित असुल उपरको लागी प्रचलित कानुन बमोजिम आवश्यक कारबाही गर्नेछ ।
४. तोकिएको प्राबिधिक बिषयबस्तुलाई दोस्रो पक्षले अनिबार्य रुपमा पालना गर्नु पर्नेछ ।
५. व्यवसायबाट उत्पादित बस्तुको बजार व्यवस्था दोस्रो पक्ष स्वयंले नै गर्नु पर्नेछ ।
६. प्रथम पक्षले नियमित रुपमा कार्यान्वयन अवस्थाको वारेमा अनुगमन/निरिक्षण गर्नेछ ।
७. दोस्रो पक्षले प्रथम पक्षलाई नियमित रुपमा मासिक प्रगति बिबरण बुझाउनु पर्नेछ ।
८. यस सम्झौतामा उल्लेखित काम गर्दा परि आउन सक्ने कुनै पनि भबितब्यको पूर्ण जिम्मेवारी दोस्रो पक्ष स्वयम हुनेछ ।
९. यस सम्झौतामा उल्लेख भएको विषय यसै सम्झौता बमोजिम र यसमा उल्लेख नभएका विषयहरु प्रचलित ऐन/नियम बमोजिम हुनेछ ।

| | | |
|---|---|---|
| दोस्रो पक्षको तर्फबाट | पशुपन्क्षि शाखाको तर्फबाट | पहिलो पक्षको तर्फबाट |
| नामः | नामः | नाम : |
| पद : | पद : | पद : प्रमूख प्रशासकीय अधिकृत |
| सम्पर्क नं. : | सहि : | सहि : |
| सहि तथा छाप : | | |

आज्ञाले,
सुदर्शन दाहाल
प्रमुख प्रशासकीय अधिकृत